# महिला बिरुद्धको हिंसाः
## स्थिति, कारण र समाधान
### गौरी प्रधान

**१. परिचयः**

महिला जननी हुन् । छोरी हुन् । दिदी बहिनी र सहकर्मी हुन् । महिलाहरुलाई साहित्यमा "आधा-आकाश र आधा-धरती" भनियो । राजनीतिमा "सहयोद्धा"को बिशेषणले रङ्गाइयो । भाषणमा "भद्र महिला"ले सम्वोधन गरियो । मानवअधिकारमा "**लैङ्गिक समानता र विकासमा समता**"को अवधारणाले हेरियो । परिवर्तित परिस्थितिमा संबिधान, कानून, नीति नियममा पनि महिला अधिकारको बिषयमा प्रसस्त सम्वोधन गरियो । समय चक्रमा देशले महिलालाई राष्ट्राध्यक्ष, प्रधान न्यायधिश र ब्यबस्थापिका-संसदको सभामुखको रुपमा पनि हासिल गऱ्यो । राज्य पुनसंरचनाको प्रकृयामा दशौं हजार महिलाहरुलाई देशका बिभिन्न निकायमा नेतृत्व गर्ने ब्यक्तिको रुपमा पनि पाइयो । बिगतका तुलनामा शिक्षा, स्वास्थ्य, सुरक्षाको क्षेत्रमा ब्यापक प्रगति पनि हासिल गऱ्यो । तर यही देशमा भर्खरै वितरणमा आएको नागरिकको राष्ट्रिय परिचयपत्रमा आमाको नाम छुट्टाइयो । आमाको नाममा आफ्ना सन्तानलाई नागरिकता दिन संबिधान-कानूनमा कुनै वाधा अड्चन नभएपनि ब्यबहारमा सो अनुसार प्रदान गर्न हिच्किचाइयो । हो, संबिधान र कानुनमा हरेक क्षेत्रमा महिला अधिकारका बिषयहरुमा समानताको हक स्थापित भएपनि ब्यबहारमा महिला मुक्ति र विकासको अवस्था अझै ज्यादै चुनौतिपूर्ण नै रहेको हाम्रो यथार्थ हो । परिवर्तन पश्चात पनि महिला हकहितको बिषयमा राज्यको सोच र ब्यबहारमा सोचे जति, भनेजति विकास हुन नसकेको देश हो, नेपाल ।

महिला बिरुद्धको हिंसा मूलतः समाजको संरचनागत र संस्कारगत स्वरुप अर्थात पितृसत्तात्मक समाजको कारण र परिणाम भएको देखिन्छ । जहाँसम्म बढ्दो यौनहिंसा र बलात्कार जस्ता घटनाहरुको सवाल छ, त्यो हाम्रो समाजमा विद्यमान, सामन्तवादको अवशेष, पीडामय संक्रमणकालिन अवस्था तथा छाडा पूँजीवादी संस्कृतिको अन्धाधुन्ध अनुशरणको कारण पनि बृद्धि भएको अनुमान गरिएको छ । संबिधानले देश समाजवादको दिशा तर्फ उन्मुख हुने लक्ष राखेतापनि ब्यबहारमा समाजवादको स्थापना, विकास र सम्भावनाका परिवेश तयार नहुनु, सोहि लक्ष र उद्देश्य मुताविकको आर्थिक-सामाजिक-साँस्कृतिक धरातल निर्माण नहुनुका कारणहरुले गर्दा पनि हाम्रो समाज विकासको वास्तविक दिशा कतातिर भन्ने चिन्ताले ग्रस्त भएको अवस्था हो । प्रस्तुत लेखमा, नेपालमा महिलाको राजनैतिक, आर्थिक र सामाजिक-साँस्कृतिक अवस्थाको विवेचना भन्दा यसैसंग गाँसिएका र हालसालै फेरि एकचोटी सार्वजनिक बहसको बिषय बनेको "महिला बिरुद्धको हिंसाः कारण र समाधान" को बिषयमा केन्द्रित छ । यस लेखमा उल्लेखित तथ्याङ्कहरु नेपाल सरकार, केन्द्रिय तथ्याङ्क बिभाग, नेपाल प्रहरी, संयुक्त राष्ट्र संघ, राष्ट्रिय योजना आयोग, राष्ट्रिय महिला आयोग लगायत बिभिन्न सरकारी तथा गैर-सरकारी संस्थाका स्रोत सामग्रीहरु मार्फत साभार गरिएका हुन् । यसमा बालिका, किशोरी, वयस्क महिला र प्रौढ तथा जेष्ठ महिला बिरुद्ध परिलक्षित हिंसाहरु मध्ये उजुरीमा आधारित अनुसन्धान भएका मुद्दाहरुका तथ्याङ्क उल्लेखित छन् । समाजको विद्यमान सामाजिक, साँस्कृतिक र मनोबैज्ञानिक चेतनाका कारण देशमा भए गरेका महिला बिरुद्ध परिलक्षित सम्पूर्ण घटनाहरुका तथ्याङ्क यसमा समाविष्ट नभएको पनि हुन सक्दछ । यद्यपि समाजमा बढ्दो सामाजिक तथा मानवअधिकारसम्वन्धी जागरणले गर्दा बिगतमा भन्दा महिला हिंसा सम्वन्धी उजुरी, उजुरीमा आधारित अनुसन्धान र कारबाहीको संख्यामा बृद्धि भएको पनि देखिन्छ । साथसाथै, पछिल्ला चरणमा देखिएका महिला बिरुद्धका कतिपय हिंसाहरु परम्परागत शैलीका महिला हिंसाहरु भन्दा पनि फरक खाले पनि देखियो । यद्यपि, बालबिबाह, बहुबिबाह, छाउपडी, दाइजो प्रथा जस्ता परम्परागत महिला हिंसाका स्वरुपमा बिस्तारै कमी आए तापनि ती समस्याहरु हाम्रो समाजमा अझैपनि गम्भीर चुनौतीका रुपमा रहेका छन् ।

उपलव्ध तथ्याङ्कहरुको बिश्लेषण गर्दा पछिल्लो चरणमा समाजमा महिला बिरुद्ध परिलक्षित हिंसाहरु, खासगरी बलात्कार, यौनहिंसा र दुराचारहरुमा केहि मात्रामा बृद्धि भएको देखिन्छ । जनसंख्याको बृद्धि, आर्थिक-सामाजिक-साँस्कृतिक संक्रमणकालको तन्किएको अवस्था र मानिसहरुको मनोसामाजिक परिस्थितिमा आएको बिचलनको कारण पनि यी घटनाहरुमा बृद्धि भएको हुनसक्छ । यस बाहेक, समाजमा विद्यमान शक्ति संरचनाको असंतुलन, महङ्गो न्याय प्रणाली तथा

न्यायमा सर्वसाधारणको पहुँचमा वृद्धि हुन नसक्नु, प्रजनन् स्वास्थ्य शिक्षाको कमी हुनु र महिला सशक्तिकरण अपेक्षाकृत विकास हुन नसक्नु आजका गम्भीर चुनौतीहरु हुन् । तसर्थ, यस कार्यपत्रमा मूलतः महिला हिंसा, खासगरी बलात्कार र यौनजन्य हिंसाहरु, यिनका कारण र परिणामको बिषयमा बहस र छलफल गर्न प्रयत्न गरिएको छ ।

## २. महिला बिरुद्धको हिंसाः स्थिति र स्वरुप

सामान्यतया, लैङ्गिक हिसाबले महिला भएकै कारण उनीहरुले आफ्नो दैनिक जीवनमा वा खास परिस्थितिमा विभिन्न आर्थिक-सामाजिक-साँस्कृतिक विभेदका कारण मानसिक, शारिरीक तथा यौन शोषण र दुर्व्यबहारहरु भोग्न परेको हुन्छ । वास्तवमा त्यसैलाई महिला बिरुद्ध परिलक्षित हिंसा भन्ने गरिन्छ । यसभित्र बेचबिखन, घरेलु हिंसा, शारिरीक हिंसा, यौनिक हिंसा, सबैखाले विभेद, शोषण र दुर्व्यबहारहरु समाविष्ट भएको हुन्छ ।

## तुलनात्मक तथ्याङ्कहरुः




### आ.ब. २०७४/०७५ ज.ज.क. पिडित उमेरको आधारमा

| प्रदेशहरु | १० बर्ष | ११-१६ | १७-१८ | १९-२५ | २६-३५ | ३६-४५ | ४६ देखि माथि | जम्मा | | नखुलेको | कुल जम्मा | मु.स. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बालिका | बालिका | महिला | महिला | महिला | महिला | महिला | बालिका | महिला | | | |
| प्रदेश नं.१ | ६८ | १५३ | ३६ | ५३ | ४३ | १५ | १६ | २२१ | १६३ | ० | ३८४ | ३८४ |
| प्रदेश नं.२ | २१ | ८५ | २१ | २५ | १३ | ६ | ० | १०६ | ६५ | ३ | १७४ | १७० |
| प्रदेश नं.३ | ४१ | ६८ | १५ | २६ | २४ | ११ | ६ | १०९ | ८२ | २ | १९३ | १९१ |
| प्रदेश नं.४ | २६ | ५१ | ८ | २१ | ५ | ३ | ४ | ७७ | ४१ | ० | ११८ | ११८ |
| प्रदेश नं.५ | ६२ | १०४ | २५ | ३३ | २७ | ७ | १० | १६६ | १०२ | १ | २६९ | २५९ |
| प्रदेश नं.६ | ७ | २५ | ७ | ११ | ४ | २ | १ | ३२ | २५ | ० | ५७ | ५५ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रदेश नं.७ | ८ | ३३ | १२ | १७ | ११ | ३ | ३ | ४१ | ४६ | १ | ८८ | ८४ |
| उपत्यका | २८ | ७१ | २० | ३५ | २२ | ५ | ६ | ९९ | ८८ | १३ | २०० | १९२ |
| जम्मा | २६१ | ५९० | १४४ | २२१ | १४९ | ५२ | ४६ | ८५१ | ६१२ | २० | १४८३ | १४५३ |
| स्रोतः नेपाल प्रहरी | | | | | | | | | | | | |

यस कार्यपत्रको तयारीको दौरान, प्रस्तुत बिषयसंग सम्बन्धित थुप्रै अनुसन्धान र बिभिन्न सुचना सामग्रीहरुको अध्ययन गरिएको छ। यस सन्दर्भमा नेपाल प्रहरीले राखेका रेकर्ड र तथ्याङ्कहरु अध्ययन गर्दा खासगरी बलात्कार, बलात्कारजन्य प्रयत्नहरु, मानव बेचबिखन, गैर कानूनी गर्भपतन, बहुबिबाह, बालबिबाह, घरेलु हिंसा र बोक्सी हिंसा सम्वन्धी मुद्धाहरुमा, पछिल्लो चरणमा बृद्धि भएको देखिन्छ। यसमा अझै स्पष्टसंग भन्नुपर्दा बिगतको तुलनामा घरेलु हिंसाका घटनाहरुमा ब्यापक बृद्धि भएको देखिन्छ। आजभन्दा ५ बर्ष अगाडि (०७०/०७१) मा घरेलु हिंसाको बार्षिक उजुरी ६,८३५ रहेको थियो भने हाल सो संख्या बढेर १२,२२५(०७४/०७५) पुगेको देखिन्छ। त्यसैगरी बलात्कारको बार्षिक घटना ५ बर्ष अगाडि ९१२ थियो भने हाल (०७४/०७५)मा १४८३ पुगेको छ। यसले समाजमा महिला हिंसा बिरुद्ध बढेको सामाजिक चेतनाको बृद्धिको पनि संकेत गर्दछ।

स्रोतः नेपाल प्रहरी

| महिला बिरुद्धको अपराधः ५बर्षको तथ्याङ्क | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| क्रस | आ.ब. | बलात्कार | बलात्कार जन्य कार्य | बेचबिखन | गर्भपतन | बहु विवाह | बाल विवाह | घरेलु हिंसा | बोक्सीको आरोप |
| ०१ | ०७०/०७१ | ९१२ | ४१४ | १८५ | १८ | ४२१ | १५ | ६८३५ | ३९ |
| ०२ | ०७१/०७२ | ९८१ | ५६२ | १८१ | १७ | ५१८ | २३ | ८२६८ | ४३ |
| ०३ | ०७२/०७३ | १०८९ | ४५२ | २१२ | २२ | ४६३ | २० | ९३९८ | २८ |
| ०४ | ०७३/०७४ | ११३१ | ५३६ | २२७ | २२ | ४६४ | २६ | ११६२९ | २४ |
| ०५ | ०७४/०७५ | १४८३ | ७२७ | ३०८ | १८ | ६०२ | ६२ | १२२२५ | ४८ |




Source: Nepal Police

माथि उल्लेखित तथ्याङ्कहरुको बिश्लेषण गर्दा नेपालमा बलात्कार र यौनजन्य हिंसाहरु एक गम्भीर सामाजिक समस्याको रुपमा रहिरहेको कुरा स्पष्ट छ, यद्यपि यो समस्या तिब्ररुपमा बढीरहेको छ भन्ने कुरा प्रहरीको उपलव्ध प्रतिबेदनहरुले पुष्टी गर्दैन । बलात्कार र यौनजन्य हिंसाको बिषयमा बिगत पाँच बर्षको उपलव्ध तथ्याङ्कहरुको बिश्लेषण गर्दा २०७४/०७५ जबरदस्ती करणी (ज.क.)मा १४८३ र जबरदस्ती करणी प्रयत्नमा ७२७ मुद्दाहरु चलेको देखिन्छ। सोहि अनुसार २०७३/०७४ मा ११३१ (ज.क.) र ५३६ (ज.क.उ.), २०७२/०७३ मा १०८९ (ज.क.) र ४५२ (ज.क.उ.), २०७१/०७२ मा ९८१ (ज.क.) र ५६२ (ज.क.उ.), र २०७०/०७१ मा ९१२ (ज.क.) र ४१४ (ज.क.उ.)मा मुद्धा दर्ता भएको देखिन्छ। साथसाथै अहिले सम्म चलेका अधिकाँश मुद्दाहरुको अनुसन्धानमा प्रहरीलाई सफलता मिलेको पनि देखिन्छ।

बलात्कार र यौनजन्य हिंसाहरुमा उपलव्ध तथ्याङ्कहरुको बिश्लेषण गर्दा यसबाट सवैभन्दा बढी १८ बर्ष मुनीका बालिकाहरु र त्यसपछाडि १९बर्ष माथिका महिलाहरु पीडित र प्रभावित रहेको देखिन्छ । बिभिन्न अध्ययनहरुले यस खाले घटनाहरु घरभित्र वा कार्यस्थल, बिद्यालय वा बिद्यालयसंग सम्वन्धित क्षेत्रहरु, होटल-रेस्टुरेण्ट, मसाज पार्लर, भट्टी-बार इत्यादि ठाउँहरुमा घटेको देखिन्छ। तर कतिपय अवस्थामा बन-जङ्गल, मेलापात, एकान्त क्षेत्रहरुमा पनि यसखाले घटनाहरु घटेको देखिन्छ । आ.ब. २०७४/०७५को १४८३ वटा बलात्कार र यौनजन्य हिंसाहरुको अवस्था बिश्लेषण गर्दा १८बर्ष मुनिका बालिकाहरु ९९५ ( ६७.०९% र १९ बर्ष र यसमाथीकाहरु ४६८ (३१.५५%)पीडित र प्रभावित रहेको देखिन्छ । बिगत बर्षका यसखाले घटना क्रमहरुको अध्ययन र बिश्लेषण गर्दा पनि पीडित र प्रभावितहरुको स्वरुप झण्डै उस्ताउस्तै खालको देखिन्छ। यसका मूल कारणहरुमा बालिकाहरुको उमेर, शिक्षा, चेतना, आर्थिक र सामाजिक अवस्थासंग पनि गाँसिएको देखिन्छ।

## ३. महिला हिंसा र बलात्कारः कारण र परिणामहरु

महिला बिरुद्ध परिलक्षित सबै प्रकारका हिंसाहरु, खासगरी बलात्कार र यौनजन्य हिंसाहरु वास्तवमा समाजको आर्थिक,सामाजिक र साँस्कृतिक स्थिति र वातावरणमा पनि निर्भर गर्ने कुरा हो । सामान्यतया, सामन्तबाद र भाग्यबादमा आधारित समाजमा महिलाको स्थिति दोश्रो दर्जाको नागरिक सरह हुने गर्दछ । दासयुग र दासत्वको अवशेषहरु कृयाशिल रहेको हाम्रो जस्तो संक्रमणकालिन समाजमा महिला मुक्तिको आवाज जतिसुकै जागरुक भएको भए पनि महिलामाथि हेर्ने सामाजिक दृष्टिकोणमा अपेक्षाकृत सुधार भएको देखिन्न।

हाम्रो देशमा २०६२/०६३को ऐतिहासिक जनआन्दोलन १० बर्ष लामो जनयुद्धको शान्तिपुर्ण अवतरण पश्चात बृहत शान्ति सम्झौता (२०६३) हुँदै संबिधान सभा मार्फत नेपालको संबिधान २०७२ निर्माण भएको हो। संघिय लोकतान्त्रिक गणतन्त्रको स्थापनाले देश समाजबादको दिशामा उन्मुख भएतापनि देशमा बिद्यमान शामन्तबादी संरचनाको असर र अबशेषको र छाडा संस्कारको गलत प्रभाव र नक्कलको कारण पनि महिला हकहित संरक्षण र विकासको सवाल अप्ठ्यारो र जोखिममा परेको देखिन्छ। त्यसैले महिला बिरुद्धको हिंसा र बलात्कार जस्ता जघन्य अपराधहरु क्रमश बृद्धि हुनुमा शिक्षा र सचेतनाको कमी, आर्थिक-सामाजिक शोषण र उत्पीडनको निरन्तरता, मानवअधिकारको सबलीकरणमा कमी र दण्डबिहिनताको संस्कारको निरन्तरता हुनु पनि हो।

यस सन्दर्भमा, केहिबर्ष अगाडि अर्थात सन् २०१२मा यूएनएफपिए ले बिभिन्न जिल्लाको ९०० महिलाहरुका बिच गरिएको महिला बिरुद्ध परिलक्षित बिबिध खाले हिंसाहरु सम्वन्धी एक सर्वेक्षणले निम्न तथ्यहरुलाई उजागर गरेको छः:

- ९% महिलाहरुलाई मात्रै बैबाहिक बलात्कार भनेको के हो थाहा भएको ।
- २७ % महिलाले आफ्नो जीवनमा कुनै न कुनै किशिमको हिंसा भोगेको अवस्था ।
- १५ % महिलाले आफ्नो जीवनमा कम्तीमा एक पटक यौनहिंसा भोगेको अवस्था ।
- ६१ % महिलाले आफुले भोगेको हिंसाको बारेमा कसैलाई पनि नभनेको अवस्था ।
- १३ % महिलाले मात्र देशमा घरेलु हिंसा बिरुद्ध कानून सक्रिय रहेको थाहा पाएको अवस्था।
- २५% महिलाले मात्र देशमा घरेलु हिंसाबिरुद्ध रोकथाम र संरक्षणको लागि देशमा सेवा स्थापित रहेको कुरा थाह भएको अवस्था।

त्यस्तैगरी सन् २०१६मा गरिएको Demographic Health Surveyले पनि महिला अधिकार र घरेलुहिंसाको बिषयमा देशका ७ वटै प्रदेशहरुमा गरिएको एक सर्वेक्षणले पनि महिलाहरुको शिक्षा र चेतनाको स्तर अपेक्षाकृत रुपमा बढ्न नसकेको देखिन्छ ।

**घरेलु हिंसा, खासगरी बिभिन्न कारणवश श्रीमानले श्रीमतिलाई गरिने कुटपिटको स्थिति विद्यमान रहेको बारे महिलाहरुको सम्वोधन**

| प्रदेशहरु | प्रदेश नं.१ | प्रदेश नं.२ | प्रदेश नं.३ | प्रदेश नं.४ | प्रदेश नं.५ | प्रदेश नं.६ | प्रदेश नं.७ |
|---|---|---|---|---|---|---|---|
| प्रतिशत | २२ | ३७ | २६ | १६ | २९ | १९ | २२ |

श्रोतः Demographic and Health Survey, Nepal 2016

**घरेलु हिंसा, खासगरी बिभिन्न कारणवश श्रीमानले श्रीमतिलाई कुटपिट गर्ने कति जायज हो ? भन्ने बिषयमा महिलाहरुको सम्वोधन**

| प्रदेशहरु | प्रदेश नं.१ | प्रदेश नं.२ | प्रदेश नं.३ | प्रदेश नं.४ | प्रदेश नं.५ | प्रदेश नं.६ | प्रदेश नं.७ |
|---|---|---|---|---|---|---|---|
| प्रतिशत | २७.५ | ३२.६ | २६.३ | २३.४ | २७.७ | २८.४ | ३४.३ |

श्रोतः Demographic and Health Survey, Nepal 2016

बिगतको कुरा उल्लेख गर्ने हो भने १०४ बर्षे निरंकुश जहाँनिया राणा शासन, ३० बर्षीय निरंकुश पंचायती व्यबस्था र झण्डै २५ बर्षीय संसदिय प्रजातान्त्रिक अभ्यास कालमा पनि महिला बिरुद्ध अनेकन हिंसा, अपराध र बलात्कार लगायत यौनजन्य हिंसाहरु नभएका होइनन् । यसको उत्कर्ष जनयुद्धको बेला खासगरी जनयुद्धमा संलग्न भएका महिलाहरु माथि हिरासतमा प्रहरी र सेनाले बर्बर यातना दिएको, बलात्कार र यौनहिंसा लादेको कुरा त्यसैबेला गम्भीर चर्चाको बिषय पनि बनेको थियो। यसबाहेक राजनैतिक पार्टी र तिनका भातृ संघ-संस्थाहरु, प्रहरी, कर्मचारी प्रशासन इत्यादि ठाउँहरुबाट पनि समय सयमा यौन हिंसा र दुर्व्यबहारका घटनाहरु लुकाउने, छिपाउने र दबाउने कार्यमा सहयोग गर्दा महिला बिरुद्धका हिंसाका अपराधीहरुले उन्मुक्ति पाएका र समाजमा दण्डबीहिनताको संस्कारमा बृद्धि भएको मान्न सकिन्छ। पछिल्लो चरणमा सुदुर पश्चिमाञ्चलको कञ्चनपुरमा भएको बालिका निर्मला पन्तको बलात्कार पछि भएको निर्मम हत्यालाई पनि आम मानिसहरुले यस्तै कुरा हो कि भनी जोड्न थालेका छन्। त्यसमाथी, लामो समयको अपराध अनुसन्धानको अकर्मन्यता, अनुसन्धानमा संलग्न प्रहरी अधिकृतहरु नै शंकाको घेरामा तानिनु, त्यसपछि सरकारी अनुसन्धान आयोगका सदस्य स्वयमले ब्यक्त गरेका बिबादास्पद वक्तब्य आदि कुराहरुले गर्दा देशमा हिजोदेखि चल्दै आएको दण्डबिहिनता र उन्मुक्तिको

संस्कारको नै निरन्तरता हो भनी आम नागरिकले शंका ब्यक्त गरेको अवस्था हो। सरकारले यस बिषयमा निरन्तर अनुसन्धान गरिरहे पनि अनुसन्धान परिणाममुखी हुन नसक्दा यस्तो तर्कराख्नेहरुको मनोबलले साथ पाएको देखिन्छ।

## ४. महिला बिरुद्धको हिंसा: अनुसन्धान र कार्यबाहीहरुः

नेपालमा कानूनतः महिला बिरुद्ध परिलक्षित कुनै पनि विभेद, शोषण र हिंसाहरु बर्जित रहेका छन्। नेपालको संबिधान, कानून र नियम-नियमावलीहरुले यस बिषयमा महिलाहरुको हक-हितको संरक्षण र विकासको अधिकारलाई सुनिश्चित गरेका छन्। हाम्रो जस्तो समाजमा हुने गरिने घरेलु हिंसा, यौनजन्य हिंसा र लैङ्गिक हिंसाहरुलाई रोकथाम र अन्त्य गर्न गराउन राज्यले आबश्यक कानून नीति र संयन्त्रहरुको पनि ब्यबस्था गरेको छ । पछिल्लो चरणमा ब्यबस्थापिका-संसदबाट पारित भएको फौजदारी संहिता र देवानी संहिताले पनि अपराध र नागरिक हकहित संग गाँसिएका थुप्रै बिषयबस्तुमा महिला हकहितलाई सम्वोधन भएको अवस्था हो । तर समाजको पितृसत्तात्मक सोच, युगौंदेखि विद्यमान संरचनात्मक र संस्कारगत विभेदपूर्ण ब्यबहारहरुको कारण संबिधान, कानून र नियमावलीहरुमा उल्लेखित महिला हक-हितका सवालहरु ब्यबहारमा प्रभावकारी ढङ्गले रुपान्तरण हुन सकिरहेको छैन । जहाँसम्म उजुरीमा आधारित महिला हिंसा र अपराघसम्वन्धी घटनाहरुको बिषय छन्, त्यस सम्वन्धी प्रहरीको तथ्याङ्कहरुलाई हेर्दा अधिकाँश घटनाहरुका अनुसन्धानमा प्रहरीलाई सफलता प्राप्त भएको देखिन्छ । यद्यपि कतिपय "हाई-प्रोफाइल" मुद्दाहरुमा अनुसन्धान कमजोर हुने, पीडितहरुलाई डर, धाक, धम्की दिने, प्रमाणहरु हराउने वा राजनीतिकरण गरी अभियुक्तहरुलाई जोगाउन खोज्ने गरेको आरोपहरु पनि सम्वन्धित निकायले खेप्दै आएको कुरा सर्वविदित्तै छ ।

**लैङ्गिक हिंसा सम्वन्धी तथ्याङ्कः**

| **सेवा केन्द्रमा दर्ता भएका उजुरीहरु** | **०६७/०६८** | **०६८/०६९** | **०६९/०७०** | **०७०/०७१** |
|---|---|---|---|---|
| **दर्ताभएका मुद्याहरु** | १,३०८ | १,०८८ | १,५६७ | ६,२३० |
| समाधान भएका मुद्याहरु | १,२०४ | ७०३ | १,१४१ | ५,९३८ |
| टुङ्गोमापुगी नसकेका मुद्याहरु | १०४ (७.९५%) | ३८५ (३५.३८३%) | ४२६ (२७.१८%) | २९२ (४.६८%) |

Source: Social Statistics, 2072, MoWCSW Note: Record of reported cases of fifteen service centre. These figure does not represent the national estimate

वास्तवमा, नेपाल प्रहरी देशमा शान्ति-सुरक्षा, अमन-चैन र मानवअधिकार रक्षा र प्रवर्द्धनको निम्ति राज्यले ब्यबस्था गरेको एक महत्वपूर्ण र संबेदनशील निकाय हो । यो संस्थाको विकास, सम्वर्द्धन र सबलीकरणको निम्ति राज्यले जनताबाट उठाएको राजस्वको एक महत्वपूर्ण हिस्सा बार्षिक बजेट मार्फत ब्यबस्था गरेको छ । यसबाहेक प्रहरी कल्याण कोष र अन्तराष्ट्रिय सहयोग मार्फत पनि यसको संस्थागत र जनशक्ति विकासको कार्यहरु भइरहेको बुझिन्छ । शान्ति-सुरक्षा र मानवअधिकार संरक्षणको निम्ति नेपाल प्रहरीको संस्थागत विकासमा महत्वपूर्ण योगदान भएपनि सरकारले यस बिषयमा अझै थप ध्यान पुऱ्याउन आबश्यक छ। तर प्रहरी संगठन भित्र मौलाएको राजनीतिकरण, कतिपय जिम्मेवार अधिकृतहरुको गलत कृयाकलापसंग हुने गरिने साँठगाँठको कारण हुने कमजोर अनुसन्धानले प्रहरीको छविमा असर पार्ने काम पनि भएको छ भन्दा अत्युक्ति नहोला । यस्तो अवस्थाले प्रहरी संगठन भित्रका कर्मठ र इमान्दार प्रहरीहरुको मनोबलमा नकारात्मक असर परेको देखिन्छ । यसको निम्ति पछिल्लो चरणमा देशका बिभिन्न क्षेत्रहरुमा घटेका महिला तथा बालबालिका बिरुद्ध बलात्कार तथा यौनजन्य हिंसाहरुको तहकिकात र कारबाही प्रकृयाहरुमा देखिएका कमी कमजोरीहरुलाई हटाउन आवश्यक छ । यसबाहेक,

मानवअधिकार सेल, महिला तथा बालबालिका सेवा केन्द्र र सामुदायिक प्रहरीको काम-कार्यबाहीमा सुधार र सबलीकरण गर्न सके नेपाल प्रहरीले महिला तथा बालबालिका बिरुद्ध परिलक्षित हिंसा र अपराधहरुको रोकथाम र नियन्त्रणमा थप योगदान पुऱ्याउन सक्दछ।

अपराध अनुसन्धान र कार्यबाहीका कार्यहरुमा प्रहरीको सम्वन्धित निकायको महत्वपूर्ण भूमिका हुने गर्दछ। यद्यपि समाजमा विद्यमान महिला बिरुद्धका हिंसाहरुको तहकिकात र कार्यबाहीको सम्वन्धमा समुदाय, सामुदायिक र मानवअधिकार संघ-संस्थाहरुसंग सहकार्य गरेर नेपाल प्रहरी अगाडि बढ्न सकेमा महिला र बालबालिका बिरुद्ध परिलक्षित हिंसा र अपराधलाई रोकथाम, नियन्त्रण र न्युनिकरण गर्न थप सफलता प्राप्त हुन सक्दछ। यसबाहेक, हत्या, हिंसा र बलात्कार जस्ता अपराधहरुको तहकिकातमा पूर्वाग्रहबाट मुक्त हुन सके र आवश्यकता अनुसार विशषज्ञहरुको सेवा लिन सके काममा थप प्रभावकारिता र सफलता प्राप्त गर्न सकिन्छ। त्यसैले, आउँदा दिनहरुमा अपराध अनुसन्धानका कार्यहरुलाई अगाडि बढाउँदा ती कार्यहरु विधि र बिज्ञान सम्मत हुनसके त्यसले तार्किक निश्कर्षमा पुग्न सहयोग मिल्न सक्दछ। साथै अनुसन्धानको प्रकृयामा जतिसक्यो त्यति धेरै पीडित र प्रभावितहरुलाई ध्यान दिन सक्यो र मनोविमर्श गर्न सक्यो अनुसन्धानमा त्यति नै धेरै सहयोग मिल्न सक्छ।

## ५. महिला बिरुद्धको हिंसाबाट पीडित र प्रभावितहरुको रक्षाको सवाल

हाम्रो जस्तो देशमा अपराध अनुसन्धान र कार्यबाहीको सवाल मुलतया पीडित भन्दा पीडकमुखी भएको सर्वत्र महशुस भएको बिषय हो। यस सम्वन्धमा बिगत केहि बर्षहरुदेखि अपराध र हिंसाबाट प्रभावितहरुको हक-हितको रक्षा, सम्वर्द्धन र परिपुरण हुनुपर्ने कुरा पीडितको मानवअधिकारको दृष्टिकोणले साह्रै महत्वपूर्ण र संबेदनशिलताका साथ छलफल र बहस हुन थालेको छ। सोही मुताविक पछिल्ला चरणमा बनेका कानून र नियमावलीहरुमा यस सम्वन्धी ब्यबस्था पनि हुन थालेको छ। यसलाई एक सकारात्मक कदमको रुपमा लिन सकिन्छ। तर ब्यबहारमा, खासगरी अनुसन्धान, तहकिकात र कारबाहीको दौरान अझैपनि प्रभावकारी ढङ्गले पीडित संरक्षण कार्य अगाडि बढ्न सकेको छैन। अपराध अनुसन्धान र सुनुवाईको दौरान पीडितहरुको पहिचान, गोपनियताको हकको रक्षा, पीडितहरुसंगको सम्मानित ब्यबहार, उनीहरुको मनो-सामाजिक विमर्श र परिपूरणको ब्यबस्था धरापमा परेको देखिन्छ। तर पीडित र प्रभावितहरुको पक्षमा राजनैतिक पार्टीहरु, मानवअधिकार समुदाय र नागरिक समाज सशक्त रुपमा अगाडि बढेको अवस्थामा वा शक्ति प्रदर्शनको आधारमा मात्र सरकारले पीडित र प्रभावितहरुलाई ‘‘क्षतिपुर्ती‘‘को प्रदान गरेको देखियो, जुन यथार्थमा न्याय संगत छैन। तसर्थ बालबालिका तथा महिला बिरुद्ध परिलक्षित हिंसा र अपराधहरुमा अनुसन्धान, छानबिन र कार्यबाहिहरु अगाडि बढाउँदा पीडित र प्रभावितहरुको सर्वोत्तम हितको रक्षा र सहभागितामा जोड दिन जरुरि छ।

## ६. नखुलेका पर्दाहरुः शक्तिको चलखेल र न्यायपीडितका पीडाहरु

हाम्रो जस्तो देशमा महिला बिरुद्ध हुने गरिने अपराधहरु सामान्यतया गुपचुप गरि लुकाउने, छिपाउने गर्ने गरिन्छ। एकातिर धनीमानी तथा प्रभावशालीहरुको प्रभाव, अर्कोतिर पिडक र पीडित दुवै पक्षले सामाजिक इज्जत-प्रतिष्ठाको भयले हिंसा र अपराधहरुलाई लुकाउने पनि गरिन्छ। तर परिस्थिति गम्भीर भएको अवस्थामा मात्रै प्रहरीमा उजुरी दिने कारणले प्रमाणहरु नष्ट हुने, हिंसाको सन्दर्भ हराउने र पीडितले पाउनु पर्ने क्षतिपूर्ती नपाउने र बाध्यतावश हिंसालाई सहन गरिराख्नु पर्ने स्थिति खडा हुन सक्दछ। तर अधिकाँश पीडितहरुले मुद्दाको अनुसन्धान र सुनुवाईको क्रममा थोरै मात्रामा मात्रै सम्वन्धित निकायका मानिसहरुबाट सकारात्मक सम्वोधन हुने र धेरैजसोबाट प्रतिकृयात्मक हुने गरिने अनुभव रहेको गुनासो पनि गर्ने गरेका छन्। त्यसबाहेक, समाजमा प्रतिष्ठित भनी मानिएका कानूनी क्षेत्रका हस्तीहरु स्वयमले नै गम्भीर प्रकृतिका महिला हिंसाहरुमा प्रतिरक्षामा

उभीदिंदा पीडितहरुको निम्ति नेपालको न्याय प्रणाली असाध्य महङ्गो हुन पुगेको पनि महशुस गरिएको छ । त्यसमाथि, राजनैतिक क्षेत्रबाट हुने गरिने प्रत्यक्ष-अप्रत्यक्ष प्रभाव र हस्तक्षेपहरुले गर्दा यस्ता बिषयहरुमा पनि प्रसस्त चलखेल हुने कुरा सर्वत्र महशुस गर्न थालिएको छ।

अधिकाँश पीडितहरुले आफुमाथि भएका हिंसा र अपराधहरुको बिषयमा उजुरी गर्न जाँदा पिडकहरुले डर-धम्की दिने, प्रलोभन देखाउने, मुद्दा फिर्तालिन दवाव दिने गरिएका गुनासाहरु पनि प्रसस्त सुनिन्छ । यस बाहेक प्रभावशाली पिडकहरु वा तिनका नजिकका मानिसहरुले कहिलेकाँही प्रहरी र अनुसन्धान निकायलाई समेत प्रभावमा पारी मुद्दा फिर्तालिन दवाव दिएका कुराहरुपनि आम सञ्चार माध्यम मार्फत चर्चा-परिचर्चा हुने गरिएको सर्वविदित्तै छ । पीडितहरुले न्याय प्राप्त गर्ने सिलसिलामा भोगेका दुःखद अनुभवहरु र पुनःपीडाको अवस्था साह्रै नै निन्दनीय वास्तविकताहरु हुन् । यस बिषयमा अझै धेरै नखुलेएका पर्दाहरु खुल्न बाँकी नै छन् । त्यसैले महिला हिंसा तथा बलात्कार जस्ता घटनाहरुमा संरचनात्मक हिंसा, शक्तिको दुरुपयोग, संस्कारगत चरित्र र अन्य भ्रष्ट काम-कारबाहीहरुलाई रोकथाम र नियन्त्रण गर्न समाजका सचेत समुदायका साथै नागरिक समाज र मानवअधिकारका क्षेत्रले अझै प्रभावकारी भूमिका निर्वाह गर्न आवश्यक देखिन्छ ।

## ७. हिंसा र बलात्कार बिरुद्ध नागरिक आवाजहरु

आजभोली महिला हिंसा र बलात्कार जस्ता यौनजन्य हिंसाहरुको बिषयमा नागरिक समाज, आमसंचार माध्यम र मानवअधिकार समुदायको आम चासो र सरोकारहरुमा बृद्धि भएको छ । सामान्यतया यस्ता घटनाहरुले जनमानसमा सहि सूचना संचार गर्ने र अपराध अनुसन्धानको बिषयलाई गम्भीर रुपमा अगाडि बढाउन नै मद्यत गरेका हुन्छन्। यस बाहेक सम्वन्धित क्षेत्रले संकलन गर्ने गरिएको सूचना र अनुगमनहरुले पनि अनुसन्धानका कार्यहरुले सहयोग हुने गर्दछ। साथसाथै, कहिलेकाँही अनुसन्धान र तहकिकातका बिषय-बस्तुमा अति सुस्त हुन जाँदा वा अन्यथा हुनजाँदा त्यसलाई द्रुत र गतिशिल बनाउन मद्यत पुगेको अनुभवहरु पनि छन् । तर कहिलेकाँही नागरिक समाज, आम संचार माध्यम र मानवअधिकारको क्षेत्रबाट भएका काम कारबाहीहरुले अनुसन्धानको काममा नकारात्मक असर पुगेको कुरा पनि सम्वन्धित निकायले ब्यक्त गरिएको सुनिन्छ । जे भएतापनि नागरिक समाज र मानवअधिकारको क्षेत्रबाट हुने गरेका असल कामले महिला बिरुद्ध भएका हिंसा र अपराधहरुको बिषयमा सत्यतथ्य पत्ता लगाउन र पीडित तथा प्रभावितहरुको हक-हित रक्षा र सम्वर्द्धन गर्न सघाउ पुगेको नै देखिन्छ। उदाहरणको लागि कञ्चनपुरको निर्मला बलात्कार र हत्याको बिषयमा आमसंचार माध्यम र नागरिक समाज चनाखो नभएको भए कुनै सोझो र निर्दोष मानिस अपराधको चङ्गुलमा परिसकेको अवस्था हुन्थ्यो । यस्तो कुराले एकातिर निर्दोष मान्छेलाई फसाउने, अपराधीलाई जोगाउने र पीडित पक्षलाई सहि न्याय पाउन नसक्ने अवस्था सम्म पुऱ्याउँदछ। यस बाहेक राज्यको असमान ब्यबहारले कतिपय अवस्थामा, खासगरी अनुसन्धान र कार्यबाही प्रकृयामा गरेका विभेदले, र विभेदपूर्ण राहत तथा क्षतिपूर्तीको घोषणाले पनि केहि गम्भीर प्रश्न नउठाएको होइन । तर, महिला र बालिका बिरुद्ध भएका गम्भीर प्रकृतिका घटनाहरुले गर्दा कतिपय अवस्थामा नागरिक समाजका सदस्यहरले क्षुव्ध भई “अपराधीलाई फाँसी दे” को अभियान चलाएतापनि सो कुरा नेपालले ब्यक्त गरेका मानवअधिकार सम्वन्धी अन्तराष्ट्रिय प्रतिवद्धताको भावना अनुसार नभएको देखिन्छ । त्यसैगरी अपराधीलाई फाँसी दिने देशहरुमा समेत बलात्कारका घटनाहरुमा कमी भने आएको देखिंदैन । तसर्थ अपराधीहरुलाई फाँसी बाहेकका कडा भन्दा कडा सजाँय दिई अपराधको रोकथाम र नियन्त्रण गर्नु उपयुक्त कदम चाल्नु पर्दछ ।

आजभोलि यौनहिंसाको बिषय संसारभरि नै जनचासो भएको हुँदा, खासगरी विगतमा भएका यौनहिंसाका घटनाहरुलाई पिडितहरु आफैले सार्वजनिक गर्दै “मी टू” (MeToo) अभियान मार्फत सार्वजनिक गरिरहेका छन्।

यसले एकातिर प्रभावितहरुको शसक्तिकरणलाई अगाडि बढाएको छ भने अर्कोतिर पीडकहरु जो सुकै किन नहुन उनीहरुले क्षमाशिल र क्षतिपूर्ति हुनपर्ने स्थिति खडा हुन थालेका छन् ।

## ८. हिंसा रोकथाम र नियन्त्रणको निम्ति भएका सरकारी प्रयासहरुः

देशमा नयाँ संबिधान र संघिय लोकतान्त्रिक गणतन्त्रको स्थापनाले सबै मानिसहरुलाई रैतीबाट नागरिकमा रुपान्तरण गरेको छ। यो देश सबैका साझा सम्पती हो। यसको संरक्षण र सम्वर्द्धनमा सबैको साझा सहभागिताको आबश्यकता पर्दछ। सिद्धान्ततः देशले संबिधान सभा मार्फत हासिल गरेको संबिधानले सबै नागरिकहरुलाई समान हैसियत प्रदान गरेको छ । तर यसलाई ब्यबहारमा प्रभावकारी बनाउन अझै धेरै मिहेनत गर्न पर्ने अवस्था विद्यमान रहेको छ। जहाँसम्म महिला माथिको हिंसाको रोकथाम र निर्मूलनको सवाल छ, त्यो समाजका हरेक क्षेत्रमा महिलाको हकहित स्थापना र त्यस्को प्रभावकारी कार्यान्वयन बिना सम्भव हुने कुरा नै होइन । तसर्थ संबिधान र कानूनमा ब्यबस्था भएका महिला हकहितका कुरा स्थापना गर्न र त्यसलाई ब्यबहारमा लागु गर्न राज्य-सरकारले सबै क्षेत्रमा महिला मैत्री शासन, विकास र सहभागितामूलक गतिविधिहरु संचालन गर्न जरुरि छ । देशमा बनेका वा बन्दै गरेका कानून, नीति-नियम, कार्ययोजना र त्यसलाई ब्यबहारमा लागुगर्न बनेका संयन्त्रहरुलाई महिला र बालबालिका मैत्री बनाउन आवश्यक छ ।साथसाथै सरकारका सबै संयन्त्रहरुमा कामगर्ने जनशक्तिलाई महिलाको हकहितको बिषयमा सचेत, संवेदनशिल र सकारात्मक बनाउन पनि जरुरि छ ।

सरकारले पछिल्लो चरणमा संबिधानले गरेको ब्यबस्था अनुसार बनेका कानूनहरुको प्रभावकारी कार्यान्वयन, कानूनी शिक्षा र सचेतनामा विकास र महिला हकहितका बिषयहरुमा सबलीकरणका कामहरु अगाडि बढाउन आवश्यक छ। अपराध अनुसन्धानको बिषयमा बिज्ञान सम्मत प्रमाणहरुको आधारमा कार्यबाही अगाडि बढाउन पर्दछ। आपतकालिन सूचनाको लागि चलाइएका हटलाईनहरु, रेक्यु कार्यहरु र पीडित रक्षाको कामलाई सबल गर्नु पर्दछ। यसको निम्ति समाजमा विद्यमान सबैखाले महिला हकहित बिपरित संस्कार र ब्यबहारहरु निर्मूलन गरी समतामूलक, लोकतान्त्रिक र प्रगतिशील सोचबाट समाजलाई जोगाएर अगाडि बढाउनु आवश्यक छ । यस बाहेक, महिला हिंसालाई रोकथाम, नियन्त्रण र न्युनिकरण गर्न राष्ट्रिय स्तरमा मानवअधिकार आयोग महिला आयोग लगायतका संस्थाहरु र अन्तराष्ट्रिय स्तरमा सिड (CEDAW Committee), मानवअधिकार परिषद (UN Human Rights Council) र महिला स्थिति समिति (Committee on Status of Women, CSW) का सिफारिशहरुलाई गम्भीरताका साथ अध्ययन गरी कार्यान्वयनमा तदारुकता देखाउन आवश्यक छ।

## ९. राज्य, सरकार र समाजःको भूमिका

देशमा जतिसुकै नयाँ परिवर्तनहरु भएतापनि, यदि समतामूलक समाज निर्माणको प्रकृयामा राज्य, सरकार र नागरिकहरुका विच समझदारी, समन्वय र सहकार्य भएन भने सिद्धान्ततः त्यो समाज जतिसुकै प्रगतिशिल भएतापनि त्यो यथार्थमा रुपान्तरित हुन सक्दैन। हाम्रो देश वास्तवमा आज त्यहि चौरास्तामा उभिन पुगेको छ । आज हामीसंग प्रगतिशिल संबिधान छ । देश संघियताको यात्रामा अघि बढीसकेको छ । अधिकारहरु समानता र समताको सिद्धान्त अनुसार बाँडफाँड हुन थालेको छ । देश निर्माणको कार्यमा सबैको सहभागिताको अवसरको ढोका खुलेको छ । यसको निम्ति को महिला ? को पुरुष ? को दलित ? को आदिवासी ? को जनजाती? हिमाल, पहाड, मधेश-तराई सबै एकजुट भएर अगाडि बढ्नुको बिकल्प हामीसंग अरु छैन।

जहाँसम्म महिला बिरुद्ध परिलक्षित हिंसा र अपराधको रोकथाम र नियन्त्रणको सवाल छ, यसको निम्ति हामी सबै मिलेर महिला सचेतना, सहभागिता र सवलीकरणको स्थितिलाई ब्यबस्थित ढङ्गले अगाडि बढाउन जरुरि छ । हाम्रा राज्य संयन्त्रलाई महिला मैत्री बनाउन जरुरि छ । राष्ट्रिय विकासको एक अभिन्न अङ्ग शिक्षा, सचेतना र संचारका क्षेत्रहरुमा महिलाहरुको सकृय सरोकार र सहभागितामा बृद्धि ल्याई महिला सबलिकरणको स्थिति

मजबुत बनाउन परेको छ। समाजमा के कारण महिला हिंसा बढीरहेको छ ? त्यस सम्वन्धी यथार्थ पत्ता लगाई त्यसको रोकथाम र नियन्त्रणको निम्ति मूलत महिलाहरु साथसाथै सबै नागरिकहरुलाई महिला हिंसा बिरुद्धको अभियानमा सहभागी गराउन आवश्यक छ। संबिधानतः राष्ट्रिय मानवअधिकार आयोग, राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग गठन भएका छन् भने अन्य कतिपय आयोगहरु गठन हुने प्रकृयामा रहेका छन्। देशमा महिला हक-हित स्थापना गर्न र संबिधान, कानून र कार्ययोजनाहरु अनुसार महिला सहभागिता र सबलिकरण बढाउन यी आयोगहरुको अनुगमनको भूमिका भएको हुँदा तिनको सकृयता र समन्वय पनि अपेक्षा गरिएको छ।

यसबाहेक परिवर्तनको क्रममा हामीले संघ, प्रदेश र स्थानिय निकायमा गरी महिला जनप्रतिनिधी सहित १०औं हज्जार निर्वाचित जनप्रतिनिधीहरु हासिल गरेका छौं। महिला हिंसाको रोकथाम र नियन्त्रणमा उनीहरुको महत्वपूर्ण भूमिका हुनेहुँदा आ-आफ्नो क्षेत्रमा जन-प्रतिनिधीहरुले समन्वयात्मक ढङ्गले काम गर्न पनि जरुरि छ। आफ्नो क्षेत्रमा नियम, कानून,नीति, योजना र कार्यक्रमहरु तर्जुमा गर्दा उनीहरुले महिला हकहितको संरक्षण र सम्वर्द्धनमा जोड दिन जरुरि छ। त्यस्तै हाम्रा सम्पूर्ण बालबालिकाहरुको निम्ति कम्तिमा माध्यमिक विद्यालय सम्मको शिक्षा अनिबार्य र निःशुल्क बनाई उनीहरुलाई देशको असल नागरिक बनाउन जोडदार ढङ्गले अगाडि बढ्न आवश्यक छ। विद्यालयमा बालबालिकाको उमेर समुह अनुसार प्रजनन् शिक्षा प्रदान गरि उनीहरुलाई आत्मरक्षा सम्वन्धी सिप र महिला हिंसाबाट कसरी जोगिने ? महिला हिंसा भएमा कहाँ कसरी खबर गर्ने ? महिला हिंसा सम्वन्धी प्रमाणहरु कसरी जोगाउने भन्ने कुरापनि बिद्यालय स्तरमा नै सिकाउन पर्दछ। ती बालबालिका र किशोरीहरु जो बिद्यालय शिक्षाबाट बञ्चित हुन पुगेका छन्, उनीहरुलाई पनि यसबारेमा अनौपचारिक शिक्षाको माध्यम सिप र ज्ञान बाँड्नु पर्दछ। यस बारेमा शिक्षक, सामाजिक तथा मानवअधिकार कार्यकर्ता तथा स्वास्थ्य स्वयमसेवीहरुले पनि महिला हिंसा रोकथामको निम्ति महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्दछ। यसबाहेक पीडित र प्रभावितहरुको लागि मनो-सामाजिक विमर्श, कानूनी परामर्श, पीडित हित रक्षार्थ भईरहेका सेवाहरुलाई सुढृद गर्दै पीडितहरुको न्यायमा पहुँचको अधिकारलाई स्थापित र विकास गर्न पर्दछ।

## १०. महिला हिंसा अन्त्यको अगाडिको बाटोः

कतिपयलाई लाग्न सक्छ, महिला बिरुद्ध परिलक्षित हिंसा, बलात्कार र यौनजन्य हिंसाहरु महिला र बालबालिकाका मात्र सवाल र सरोकारहरु हुन्। प्रत्यक्ष रुपमा यी घटनाहरु उनीहरुसंग गाँसिएको देखिएतापनि यो उनीहरुको मात्र सरोकारका बिषयहरु नभएर सिङ्गो समाज, राज्य र सरकारको दायित्वका बिषयहरु पनि हुन्। अर्को अर्थमा यी बिषय-बस्तुहरु यथार्थमा मानवअधिकारका सरोकारहरु पनि हुन्। त्यसैले, यसखाले हिंसा, बलात्कार, बेचबिखन र सबैखाले यौनजन्य अपराधहरुको रोकथाम र पीडित/प्रभावितहरुको हक-हितको रक्षा, प्रवर्द्धन र क्षतिपूर्तिको निम्ति सिङ्गो समाज नै जागरुक र जिम्मेवार हुन आबश्यक छ। यसको बिरुद्ध के सरकार, के राजनैतिक पार्टी, के नागरिक समाज ? सबै मिलेर समाजमा जागरण र संघर्ष उठाउन जरुरि छ। साथसाथै कसैले पनि यस्ता बिषय-बस्तुहरु निहित स्वार्थको निम्ति प्रयोग गर्नु अर्थात अरु कुनै पनि स्थिति, बाद-बिचार र क्षेत्रहरुलाई आरोप लाएर जिम्मेवारीबाट पन्छिन खोज्नु वास्तवमा गलत कुराहरु हुन्।

समाजमा बालिका र महिलाका सम्पूर्ण अधिकारको सुनिश्चिता, सशक्तिकरण, व्यवहारगत लैङ्गिक समानता एवं कानुनको उचित कार्यान्वयन गर्न सकेमा मात्र महिलाहिंसाका स्वरुपहरु फेरिँदै जानेछन्।

यथार्थमा महिला मुक्ति र विकासको कुरा सामाजिक मुक्ति, आर्थिक सबलिकरण र साँस्कृतिक परिवर्तनसंग गाँसिएका बिषय-वस्तुहरु हुन्। संसारमा कुनै त्यस्तो समाज छैन, जहाँ महिला बिरुद्धको हिंसा पूर्ण रुपमा अन्त्य भएको होस्। तर, समाजमा मानिसहरु महिला हक-हित प्रती सिलसिलावद्ध जागरण भएमा, महिला प्रती सम्मान भएमा, समाजको हरेक क्षेत्रमा महिलाको सहभागिता र सवलिकरणको वातावरण सृजना भएमा र पीडित र

प्रभावितहरुको न्यायको पक्षमा समाज र सरकार उभी दिएमा महिला बिरुद्धका सबैखाले हिंसाहरु स्वतह हटेर जाने छ।

देश अहिले संघियतामा प्रबेश गरेको छ । समाजमा बिद्यमान सयौं बर्ष पुरानो संस्कार, शासन र राज्य ब्यबस्थाबाट नयाँमा रुपान्तरण हुनु सहज कुरा होइन ।समाजमा महिला बिरुद्ध परिलक्षित हिंसा र अपराधहरु यथार्थमा पितृसत्तात्मक समाजको अवशेष, संक्रमणकालिन अवस्थाका जोखिमहरु र संरचनागत तथा संस्कारगत हिंसाका कारणहरु नै हुन् । त्यसका तत्कालिन र दिर्घकालिन प्रभावहरुलाई हटाउन यदि हामीले जनमुखी, सहभागितामुलक र जवाफदेहि संस्था, संस्कार र अभियान अगाडि बढाउन सके र सोहि मुताविक अगाडि बढ्न सके हाम्रो समाजको भविष्य उज्यालो हुनेछ र हामीले हाम्रो समाजलाई शान्तिपूर्ण र हिंसामुक्त बनाउन सक्नेछौं । यदि हामीले हाम्रो समाजमा साँच्चीकै महिला हिंसा र विभेदलाई अन्त्य गर्न चाहन्छौ भने त्यो अभियानको बिउ सबैभन्दा पहिला आफ्नै घर-आँगनबाट रोप्नु पर्दछ र त्यसलाई क्रमश छिमेक, समुदाय हुँदै सिङ्गो समाज, देश र बिश्वमा फैलाउनु पर्दछ । धन्यवाद !

**सन्दर्भ सामग्रीहरुः**

१. महिला बिरुद्ध सर्ब प्रकारका विभेद अन्त्य सम्वन्धी महासन्धी, १९७९
२. नेपालको संबिधान, २०७२
३. मुलुकी अपराध (संहिता) ऐन, २०७४
४. मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४
५. फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४
६. मुलुकी देवानी (संहिता) ऐन, २०७४
७. मुलुकी देवानी कार्यविधि(संहिता)ऐन, २०७४
८. Women in Nepal, Statistical Highlights, 2018 (Government of Nepal National Planning Commission, Central Bureau of Statistics Ramshah Path, Kathmandu, Nepal 2018)
९. Statistics on Violence against Women collected by Nepal Police and other organisations
१०. नेपाल प्रहरी र बिभिन्न पत्र-पत्रिकामा प्रकाशित सूचना सामग्रीहरु, इत्यादि ।